आज मिति २०८० साल असार १० गते आइतबारका दिन बिहान ११:०० बजे गाउँपालिकाको सभाहलमा यस तीनपाटन गाउँपालिकाका अध्यक्ष श्री कर्ण बहादुर मगरज्यूको अध्यक्षतामा बसेको तीनपाटन गाउँपालिकाको गाउँ सभाको १२ औं अधिवेशन (बर्षे अधिवेशन) को पहिलो बैठकमा देहाय बमोजिमको उपस्थित भयौं ।

**उपस्थिति**

| सि.नं. | पदाधिकारीको नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | कर्ण बहादुर मगर | अध्यक्ष | |
| २ | श्री धन बहादुर पुलामी (अशोक) | उपाध्यक्ष | |
| ३ | श्री गोविन्द राउत | गाउँसभा सदस्य | |
| ४ | श्री मुकुन्द प्रसाद पौडेल | गाउँसभा सदस्य | |
| ५ | श्री लाल बहादुर स्याङतान | गाउँसभा सदस्य | |
| ६ | श्री खड्ग बहादुर भुजेल | गाउँसभा सदस्य | |
| ७ | श्री भुपाल सिंह तामाङ | गाउँसभा सदस्य | |
| ८ | श्री वीर बहादुर पुलामी | गाउँसभा सदस्य | |
| ९ | श्री युवराज पहाडी | गाउँसभा सदस्य | |
| १० | श्री कृष्ण प्रसाद गौतम | गाउँसभा सदस्य | |
| ११ | श्री मोहन बहादुर गौतम | गाउँसभा सदस्य | |
| १२ | श्री पुण्यहरि भुजेल | गाउँसभा सदस्य | |
| १३ | श्री तिलक बहादुर बस्नेत क्षेत्री | गाउँसभा सदस्य | |

Scanned with CamScanner

| सि.नं. | पदाधिकारीको नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १४ | श्री तारामाया श्रेष्ठ | गाउँसभा सदस्य | |
| १५ | श्री गंगामाया तामाङ | गाउँसभा सदस्य | |
| १६ | श्री सिम कुमारी आले | गाउँसभा सदस्य | |
| १७ | श्री युवमाया मश्राङ्गी | गाउँसभा सदस्य | |
| १८ | श्री कमल बहादुर दमै | गाउँसभा सदस्य | |
| १९ | श्री लोक बहादुर वि.क. | गाउँसभा सदस्य | |
| २० | श्री एक बहादुर चुहान | गाउँसभा सदस्य | |
| २१ | श्री रवीन्द्र कुमार मगर | गाउँसभा सदस्य | |
| २२ | श्री दुध कुमारी ठकुरी | गाउँसभा सदस्य | |
| २३ | श्री पार्वती कुमारी सार्की | गाउँसभा सदस्य | |
| २४ | श्री दान बहादुर तामाङ | गाउँसभा सदस्य | |
| २५ | श्री लाल बहादुर मानन्धर | गाउँसभा सदस्य | |
| २६ | श्री अनिता विश्वकर्मा | गाउँसभा सदस्य | |
| २७ | श्री सुकलाल घलान | गाउँसभा सदस्य | |
| २८ | श्री हिरा बहादुर बस्नेत | गाउँसभा सदस्य | |
| २९ | श्री मनु वि.क. | गाउँसभा सदस्य | |
| ३० | श्री जनकलाल गौतम | गाउँसभा सदस्य | |

Scanned with CamScanner

| सि.नं. | पदाधिकारीको नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| ३१ | श्री रेशम बहादुर रमौली | गाउँसभा सदस्य | |
| ३२ | श्री गीता बोगटी | गाउँसभा सदस्य | |
| ३३ | श्री लाली माया कामी | गाउँसभा सदस्य | |
| ३४ | श्री धन बहादुर लुंगेली | गाउँसभा सदस्य | |
| ३५ | श्री हरिलाल श्रेष्ठ | गाउँसभा सदस्य | |
| ३६ | श्री तेज कुमारी रमौली | गाउँसभा सदस्य | |
| ३७ | श्री गिता विश्वकर्मा | गाउँसभा सदस्य | |
| ३८ | श्री विष्णु बहादुर कार्की | गाउँसभा सदस्य | |
| ३९ | श्री डेढ बहादुर राना | गाउँसभा सदस्य | |
| ४० | श्री सुमित्रा दमाई | गाउँसभा सदस्य | |
| ४१ | श्री घनश्याम समाल | गाउँसभा सदस्य | |
| ४२ | श्री मदन पुलामी मगर | गाउँसभा सदस्य | |
| ४३ | श्री थलिमाया बि.क. | गाउँसभा सदस्य | |
| ४४ | श्री पोष्टराज श्रेष्ठ | गाउँसभा सदस्य | |
| ४५ | श्री बद्रि प्रसाद देवकोटा | गाउँसभा सदस्य | |
| ४६ | श्री मैया कुमारी लामा | गाउँसभा सदस्य | |
| ४७ | श्री पविमाया सार्की | गाउँसभा सदस्य | |

Scanned with CamScanner

| सि.नं. | पदाधिकारीको नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| ४८ | श्री गंगा बहादुर आले मगर | गाउँसभा सदस्य | |
| ४९ | श्री राम बहादुर लुंगेली | गाउँसभा सदस्य | |
| ५० | श्री प्रेम कुमारी लुंगेली | गाउँसभा सदस्य | |
| ५१ | श्री तिला विश्वकर्मा | गाउँसभा सदस्य | |
| ५२ | श्री गोविन्द बहादुर कार्की | गाउँसभा सदस्य | |
| ५३ | श्री लोक बहादुर तामाङ | गाउँसभा सदस्य | |
| ५४ | श्री युमाया आले मगर | गाउँसभा सदस्य | |
| ५५ | श्री प्रमिला विश्वकर्मा | गाउँसभा सदस्य | |
| ५६ | श्री राज कुमार घिसिङ | गाउँसभा सदस्य | |
| ५७ | श्री सिद्ध बहादुर थापा | गाउँसभा सदस्य | |
| ५८ | श्री भाग दासी | गाउँसभा सदस्य | |
| ५९ | श्री जगत कुमारी सार्की | गाउँसभा सदस्य | |
| ६० | श्री सन्तोष घिमिरे | सचिव | |

Scanned with CamScanner

यस तीनपाटन गाउँपालिकाको गाउँ सभाको १२ औं अधिवेशन (बर्षे अधिवेशन) मा देहाय वमोजि कर्मचारीहरु उपस्थिति भयौं ।

| सि.नं. | कर्मचारीको नाम, थर | पद, शाखा, कार्यालय | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री जीतेन्द्र गिरी | शाखा अधिकृत (सातौं), क.प्र.शाखा | [signature] |
| २ | श्री युवराज काफ्ले | शिक्षा अधिकृत | [signature] |
| ३ | श्री विष्णुप्रसाद काफ्ले | सामाजिक विकास अधिकृत | [signature] |
| ४ | चन्द्र प्रसाद न्यौपाने | आयुर्वेद (वैद्य) चिकित्सक | [signature] |
| ५ | राम चेतन साह | स्वास्थ्य शाखा प्रमुख | [signature] |
| ६ | वरुण आले | रोजगार संयोजक, रो.से.केन्द्र | [signature] |
| ७ | सुमित भण्डारी | इन्जिनियर, पू.वि. शाखा, तिनपाटन | [signature] |
| ८ | विमल राज काफ्ले | लेखापाल, प्रा.प्र.का. | [signature] |
| ९ | लेक बहादुर राना | सहायक चौथो (राजस्व शाखा) | [signature] |
| १० | विनिता लामा | सूचना प्रविधि अधिकृत | [signature] |
| ११ | कमल घिसिङ | कृषि अधिकृत | [signature] |
| १२ | जयन्त कार्की | पशुसेवा शाखा प्रमुख | [signature] |
| १३ | प्रेम बहादुर लुँगेली | इं.अ. (जिन्सी शाखा) | [signature] |
| १४ | विनोद कार्की दोलखे | उद्यम विकास सहजकर्ता (उद्यम विकास शाखा) | [signature] |
| १५ | नवीन सिटौला मगर | रोजगार प्राविधिक | [signature] |
| १६ | चेत ब० रमाली | गाउँ कार्यपालिका सचिव | [signature] |

Scanned with CamScanner

| सि.नं. | कर्मचारीको नाम, थर | पद, शाखा, कार्यालय | हस्ताक्षर |
|---|---|---|---|
| १७ | धर्मराज थापा | सहायक पाँचौं (वडा सचिव-३) | |
| १८ | बद्रीप्रसाद पौडेल | ,, ,, | |
| १९ | तोयनाथ पहाडी | स.क.अ. (चौथो) | |
| २० | अभिषेक मानन्धर | स.क.अ. (चौथो) | |
| २१ | दिल ब. परियार | ,, | |
| २२ | घनश्याम देवकोटा | सि.कृ.अ. (चौथो) | |
| २३ | इन्द्रबहादुर थापा | सामाजिक विकास शाखा (सामी) कार्यक्रम | |
| २४ | रमेश देवकोटा | पशु प्राविधिक | |
| २५ | राम बहादुर बस्नेत | ना.प.से. प्रा. पशु सेवा शाखा | |
| २६ | शिवराज भण्डारी | मनोसामाजिक परामर्शकर्ता सहायक पाँचौं (छात्रा) | |
| २७ | मान बहादुर रसाल | महिला तथा बालबालिका शाखा | |
| २८ | भिम बहादुर पुनमगर | निमित्त-४ वडा सचिव | |
| २९ | जुकेन्द्र प्रसाद अधिकारी | ,, ८ वडा सचिव | |
| ३० | पबित्रा पोखरेल | प्रा.स, शिक्षा शाखा | |
| ३१ | शारदा घर्ती मगर | स.चौ, ,, ,, | |
| ३२ | सबिना राई | वडा नं. १० घटना व्यवस्थापक | |
| ३३ | देवकुमारी पुन मगर | स.चौ.उ.वि.स. | |
| ३४ | बिमल कुमार खोली | सि.कृ.अ. | |

Scanned with CamScanner

| सि.नं. | कर्मचारीको नाम, थर | पद, शाखा, कार्यालय | हस्ताक्षर |
|---|---|---|---|
| ३५ | उषा कुमारी मगर | अ.न.मी. स्वास्थ्य शाखा | [signature] |
| ३६ | तारानाथ अधिकारी | वडा कार्यालय | [signature] |
| ३७ | सरिता देवकोटा | ब्यापिक सहजकर्ता (पँम्ची) | [signature] |
| ३८ | पुनम भण्डारी | रोजगार सहायक | [signature] |
| ३९ | सुनिता न्यौपाने | पोषण सहजकर्ता | [signature] |
| ४० | इन्दिरा कुमारी पहाडी | ना.प्रा.स. कृषि | [signature] |
| ४१ | सबिता अधिकारी | अ.स.ई | [signature] |
| ४२ | पार्वती मोक्तान | अ.स.ई | Paru |
| ४३ | नरमायाँ तामाङ | अ.स.ई. | [signature] |
| ४४ | रिता समाल | ए.वे.अ. | [signature] |
| ४५ | रितेश गिरी | हे.अ स्वास्थ्य शाखा | [signature] |
| ४६ | नविन दुलाल | हे.अ. ,, | [signature] |
| ४७ | इन्द्रजीत मण्डल | खा.पा.स.ई. | [signature] |
| ४८ | प्रतिभा शर्मा पौडेल | अ.स.ई | [signature] |
| ४९ | रमेश आचार्य | अ.स.ई | [signature] |
| ५० | युव कुमारी पोखरेल | परिचालिका बिर्वाड इन्द्र वाडशीय -१० | [signature] |
| ५१ | गणेश खड्का | अ.स.ई. | [signature] |
| ५२ | प्रदिप कु. पुर्वछाने | अमिन | [signature] |

Scanned with CamScanner

| सि.नं. | कर्मचारीको नाम, थर | पद, शाखा, कार्यालय | हस्ताक्षर |
|---|---|---|---|
| ५३ | किरण के०सी० | स०कृ०अ, सामाजिक विकास शाखा | [signature] |
| ५४ | विनोद धन मगर | सब.आई.टी. अपरेटर | [signature] |
| ५५ | दुर्गा पुलामी | स०कृ० अ० | [signature] |
| ५६ | डोर विक्रम थापा | कृषि सल्लाहकार | [signature] |
| ५७ | चन्द्रिका थापा | ,, | चन्द्रिका |
| ५८ | सविता खत्री | ,, | सविता |
| ५९ | कल्पना कुमारी मगर | ,, | k.p |
| ६० | कविता तामाङ | ,, | कविता |
| ६१ | टिका कुमारी मगर | स्वीपर | टिका |
| ६२ | सुभद्रा बराल | ,, | सुभद्रा |
| ६३ | तारानाथ अधिकारी | ,, | |
| ६४ | मोहन की मान्धर | ,, | मोहन |
| ६५ | विष्णु ब० तामाङ | स्वे. संयोजक | [signature] |
| ६६ | | | |
| ६७ | | | |
| ६८ | | | |
| ६९ | | | |
| ७० | | | |

Scanned with CamScanner

यस तीनपाटन गाउँपालिकाको गाउँ सभाको १२ औं अधिवेशन (वर्षे अधिवेशन) मा देहाय वमोजिम हामी तीनपाटन बासिहरु उपस्थिति भयौं ।

| सि.नं. | उपस्थितिको नाम, थर | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|
| १ | [illegible] | तिनपाटन ६ | [signature] |
| २. | खगेन्द्र पहाडी | तीनपाटन १० | [signature] |
| ३. | दुर्गा का खुलाल | — ११ | [signature] |
| ४ | चिरञ्जीवी अधिकारी | — ११ | [signature] |
| ५. | विशाल पाण्डेय | — ५ | [signature] |
| ६. | भुवन लुङगेली | — ५ | [signature] |
| ७. | कुला का बुढाथोकी | — ५ | [signature] |
| ८. | | | |
| ९. | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

Scanned with CamScanner

(बागमती प्रदेश सभाद्वारा पारित गाउँ/नगर/जिल्ला सभा सञ्चालन कार्यविधि ऐन, २०७७ को दफा २६ को उपदफा (७) सँग सम्बन्धित)

# अनुसूची - १

## तीनपाटन गाउँपालिका, सिन्धुली

## १२ औं गाउँ सभा अधिवेशन

## कार्यसूची र समय तालिका

**बैठक संख्याः ०१**

**बैठक स्थानः तीनपाटन गाउँपालिकाको सभाहल, लाम्पन्टार, सिन्धुली।**

**अध्यक्षताः श्री कर्ण बहादुर मगर**

| मिति | बैठक बस्ने समय | कार्यसूची | कार्यसूची प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|---|
| २०८०।०३। १० | विहान ११.०० बजे | १. तीनपाटन गाउँपालिकाको आर्थिक वर्ष २०८०।०८१ को नीति तथा कार्यक्रम सभा समक्ष प्रस्तुत गर्ने। | गाउँपालिकाका अध्यक्ष श्री कर्ण बहादुर मगर | |
| २०८०।०३। १० | विहान ११.०० बजे | २. तीनपाटन गाउँपालिकाको आर्थिक वर्ष २०८०।०८१ को कुल आय र व्यय अनुमान, आर्थिक विधेयक, २०८० र विनियोजन विधेयक, २०८० सभा समक्ष प्रस्तुत गर्ने। | गाउँपालिकाका उपाध्यक्ष श्री धनबहादुर पुलामी "अशोक" | |

**निर्णय नम्बरः (१)**

कार्यसूची नम्बर (१) माथि छलफल गर्दा तीनपाटन गाउँ कार्यपालिकाको मिति २०८०।०३।०९ गते बसेको बैठकले निर्णय गरे बमोजिम तीनपाटन गाउँपालिकाको १२ औं गाउँ सभा अधिवेशनको

बागमती प्रदेश सभाद्वारा पारित गाउँ/नगर/जिल्ला सभा सञ्चालन कार्यविधि ऐन, २०७५ (संशोधन, २०७७ सहित) को दफा २२ को उपदफा (१) बमोजिम मिति २०८०।०३।१० गते बसेको तीनपाटन गाउँपालिकाको १२ औं गाउँ सभा अधिवेशनको पहिलो बैठकबाट भएको निर्णय प्रमाणित गरेको छु।

(कर्ण बहादुर मगर)
सभाध्यक्ष
तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ सभा
मितिः २०८०।०३।११



Scanned with CamScanner

पहिलो बैठकमा तीनपाटन गाउँपालिकाका अध्यक्ष एवम् सभाध्यक्ष श्री कर्ण बहादुर मगरज्यूले तीनपाटन गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८०।०८१ को देहायमा उल्लिखित नीति तथा कार्यक्रम (मन्तव्य सहित) सभा समक्ष पेश गर्नु भयो।

तीनपाटन गाउँपालिकाको नियमित गाउँ सभा अधिवेशन (१२औँ) को पहिलो बैठक प्रारम्भ भएको घोषणा गर्दछु।

**गाउँ सभाका उपाध्यक्ष ज्यू,**

**उपस्थित सम्पूर्ण गाउँ सभाका सदस्य ज्यूहरु,**

**सभाका सचिवज्यू,**

**उपस्थित कर्मचारी मित्रहरु।**

मिति २०७९ साल वैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनबाट तीनपाटन गाउँपालिका, सिन्धुलीको दोस्रो कार्यकालको जनप्रतिनिधिको रुपमा चुनिएर आएको अवधि पनि करीब चौंध महिना व्यतित भई सकेको छ। हामी, यस सभामा उपस्थित सबै सदस्यलाई विश्वास गरेर जनप्रतिनिधिको रुपमा चुनेर पठाउनु हुने आम तीनपाटनबासी आमाबुबा, दाजुभाई तथा दिदीबहिनीहरुलाई पुनः हार्दिक धन्यवाद समेत दिन चाहन्छु।

निर्वाचन मार्फत् चुनिएर आउने जनप्रतिनिधिले आम नागरिकका इच्छा र सपनालाई पूरा गर्ने दायित्व हुन्छ। **कसैलाई काखा, कसैलाई पाखा** नभनी विधि र पद्वतिले हामीले सेवा प्रदान गर्नुपर्ने हुन्छ। विधि र पद्वति निर्धारण गर्ने दायित्व समेत यस गरिमामय सभाको नै हो। समतामूलक समाज निर्माणका लागि हामीसँग भएका स्रोत/साधनको भरपुर प्रयोग र सदुपयोग गर्ने दायित्व हाम्रै हो। हामीले गर्ने निर्णय आम तीनपाटनबासी नागरिकका लागि लक्षित हुनुपर्छ। यसमा दुई मत छैन। शिक्षा, स्वास्थ्य, कृषि, रोजगारी सिर्जना र स्थानीय पूर्वाधारको विकासमा हाम्रो ध्यान केन्द्रित हुनु पर्छ। यी र यस्ता विषयको क्रमशः सम्बोधन गर्न उपलब्ध स्रोतसाधन समेतलाई तादम्यता कायम गर्दै तीनपाटन गाउँपालिकाको गाउँ कार्यपालिकाले यस गरिमामय सभा समक्ष नीति तथा कार्यक्रम पेश गरेको छ। त्यो नीति तथा कार्यक्रम मार्फत् हामीले यहाँका

**बागमती प्रदेश सभाद्वारा पारित गाउँ/नगर/जिल्ला सभा सञ्चालन कार्यविधि ऐन, २०७५ (संशोधन, २०७७ सहित) को दफा २२ को उपदफा (१) बमोजिम मिति २०८०।०३।१० गते बसेको तीनपाटन गाउँपालिकाको १२ औं गाउँ सभा अधिवेशनको पहिलो बैठकबाट भएको निर्णय प्रमाणित गरेको छु।**

**(कर्ण बहादुर मगर)**
**सभाध्यक्ष**
**तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ सभा**
**मितिः २०८०।०३।११**

नागरिकहरुलाई सेवा प्रवाह गर्नु पर्छ। त्यसका लागि आवश्यकता अनुसार कानून समेत बनाउनु पर्ने हुन सक्छ। यो जिम्मेवारी पनि हाम्रै हो। त्यसैले आर्थिक तथा सामाजिकरुपले पछाडि परेका वर्ग र समुदायको सर्वोपरी हितका लागि हाम्रा अभियानहरु केन्द्रीत हुनु पर्छ। हाम्रा अभियानहरुको कार्यान्वयनमा इमानदारिताको आवश्यक पर्छ। तपाँई हाम्रो इमानदारितामा नै सामाजिक न्याय निर्भर हुन सक्छ। यसका लागि अब हाम्रो कार्यकाल करीब चार वर्ष मात्र बाँकी छ। चार वर्षभित्रमा देखिने काम गर्नुपर्ने जिम्मा हामीसँग रहेको छ। तर, राष्ट्रियस्तरमा आएको आर्थिक क्रियाकलापको सुस्तताका कारण अपेक्षित राजस्व संकलन हुन नसकेको विषय जग जाहेर नै छ। नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने निशर्त अनुदानका रकमहरु आगामी आर्थिक वर्षका लागि घटेर आएका छन् भने चालु आर्थिक वर्ष २०७९।८० का लागि गत आर्थिक वर्षमै उपलब्ध गराइएका निशर्त आय अनुदानको सीमामा समेत भारी गिरावट आएको छ। जसका कारण चालु आर्थिक वर्षको सम्पन्न भएका योजना तथा कार्यक्रमहरुको भुक्तानी समेत आगामी आर्थिक वर्ष भुक्तानी गर्ने गरी जिम्मेवारी सार्नुपर्ने देखिएको छ। नेपाल सरकार र प्रदेश सरकारबाट उपलब्ध गराइएको आय अनुमानको सिलिङमा आएको कमी र हाम्रो गाउँपालिकाको कमजोर आन्तरिक आम्दानीका कारण पनि यो अवस्था सिर्जना भएको तथ्यलाई हामी सबैले स्वीकार गर्नैपर्ने हुन्छ। नागरिकका असीमित आवश्यकता र अपेक्षालाई उपलब्ध स्रोतसाधनसँग तादम्यता कायम गर्दै क्रमशः सम्बोधन गर्नु फेरिपनि हाम्रै दायित्व हो। यी र यस्ता विषयलाई समेत समावेश गरेर हामीले आउँदो वर्षको नीति तथा कार्यक्रम र बजेट तर्जुमा गरेका छौं। ती बजेट नीति तथा कार्यक्रमलाई सर्वसम्मतरुपमा पारित गरेर हामी जानुपर्छ भन्दै आजको बैठकको काम कारवाही अघि बढाउँछु।

अब म सर्वप्रथम हाम्रो गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८०।०८१ को नीति तथा कार्यक्रम यस गरिमामय सभा समक्ष प्रस्तुत गर्न गई रहेको छु।

**आर्थिक विकास क्षेत्रः**

**कृषि विकास**

**बागमती प्रदेश सभाद्वारा पारित गाउँ/नगर/जिल्ला सभा सञ्चालन कार्यविधि ऐन, २०७५ (संशोधन, २०७७ सहित) को दफा २२ को उपदफा (१) बमोजिम मिति २०८०।०३।१० गते बसेको तीनपाटन गाउँपालिकाको १२ औं गाउँ सभा अधिवेशनको पहिलो बैठकबाट भएको निर्णय प्रमाणित गरेको छु।**

**(कर्ण बहादुर मगर)**
**सभाध्यक्ष**
**तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ सभा**
**मितिः २०८०।०३।११**



Scanned with CamScanner

१. परम्परागत र निर्वाहमुखी कृषि पेशामा आवद्व गाउँपालिका क्षेत्रभित्रका कृषकहरुलाई व्यसायिक र उद्‍यमशील कृषि प्रणाली तर्फ उत्प्रेरित गराउन **"तीनपाटनको सान, कृषि उद्‍यममा किसान"** नामक कार्यक्रम सञ्चालनमा ल्याइनेछ। यस कार्यक्रम मार्फत् देहाय बमोजिमका क्रियाकलापहरु सञ्चालनमा ल्याइनेछः

(क) स्थानीय भूगोल सुहाउँदो व्यवसायिक कृषि पेशामा आवद्ध हुन चाहने कृषकहरुको खेतबारीमै कृषि प्राविधिकहरुको सहज पहुँच उपलब्ध हुने गरी **निःशुल्क माटो परीक्षण** गर्ने व्यवस्था मिलाइनेछ।

(ख) गाउँपालिका क्षेत्रभित्रका कृषकको मागमा आधारित बिउ/बिजन र कृषि औजार/उपकरण साझेदारी कार्यक्रम मार्फत् वितरण गर्ने व्यवस्था मिलाइनेछ।

(ग) विभिन्न प्रजातिका बालीनालीको उन्नत बीउ उत्पादन गर्ने कृषकलाई **प्रोत्साहन अनुदान** उपलब्ध गराइनेछ।

(घ) बाह्रैमास खेतीयोग्य जमिनमा सिँचाईको उपलब्धता सुनिश्चित गर्न सिँचाई पाइप खरिद तथा जडान गर्न कृषकहरुलाई अनुदान दिने व्यवस्था मिलाइनेछ।

(ङ) बढ्दो रासायनिक मलको प्रयोगलाई क्रमशः निरुत्साहित गर्न गाउँपालिका क्षेत्रभित्र नै **प्राङ्गारिक मल उत्पादन गर्ने** कृषकलाई अनुदान दिने व्यवस्था मिलाइनेछ। त्यसैगरी सामुदायिक विद्‍यालयको स्वामित्वमा रहेको खाली जमिनमा जडिबुटीजन्य विरुवा रोपण कार्य अघि बढाइनेछ।

(च) परम्परागत र निर्वाहमुखी कृषि पेशामा आश्रित गाउँपालिका क्षेत्रभित्रका कृषकहरुलाई व्यवसायिक कृषि उद्‍यममा आकर्षित गर्न **टोलटोलमा कृषि सेवा** नामक कार्यक्रम सञ्चालनमा ल्याइनेछ। यसका लागि श्री माध्यमिक विद्‍यालय लाम्पन बतासेमा कृषि विषय अध्यापन गराउने विषयविज्ञहरुलाई समेत थप प्रोत्साहन दिई विद्‍यालय समय बाहेकको समयमा टोल/टोलमा गई कृषकमैत्री तालिम कार्यक्रम सञ्चालनमा परिचालन गर्ने व्यवस्था मिलाइनेछ।

(छ) गाउँपालिका क्षेत्रभित्रका कृषकहरुले उत्पादन गर्ने कृषि उपजहरुलाई स्टोरेज गर्दै बेमौसममा समेत विक्री/वितरण गरी कृषकहरुलाई बढीभन्दा बढी अर्थोपार्जनको व्यवस्था मिलाउन साना साना स्केलका शीत भण्डार निर्माणका लागि आवश्यक प्रकृया अघि बढाइनेछ। यसका लागि नेपाल सरकार तथा प्रदेश सरकारका सम्बन्धित निकाय एवम् अन्य

**बागमती प्रदेश सभाद्‍वारा पारित गाउँ/नगर/जिल्ला सभा सञ्चालन कार्यविधि ऐन, २०७५ (संशोधन, २०७७ सहित) को दफा २२ को उपदफा (१) बमोजिम मिति २०८०।०३।१० गते बसेको तीनपाटन गाउँपालिकाको १२ औं गाउँ सभा अधिवेशनको पहिलो बैठकबाट भएको निर्णय प्रमाणित गरेको छु।**

(कर्ण बहादुर मगर)
सभाध्यक्ष
तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ सभा
मितिः २०८०।०३।११



Scanned with CamScanner

स्थानीय तहसँग त्यस्ता **शीत भण्डार निर्माणमा गाउँपालिकाबाट साझेदारी गर्ने** व्यवस्था मिलाइनेछ।

(ज)**मासिक पशु हाट बजार**को व्यवस्था गाउँपालिका क्षेत्रभित्रै गर्नका लागि उपयुक्त स्थानको पहिचान गरी प्रवर्द्धन गर्ने व्यवस्था मिलाइनेछ भने **अन्य स/साना हाटबजार**को स्तरीकरण गर्न सम्भाव्यता अध्ययन गरिनेछ।

(झ) गाउँपालिका क्षेत्रभित्रका सबै वडामा व्यवसायिक कृषि उद्यम मार्फत् स्थापित कृषकहरुलाई वडागत एवम् पालिकागतरुपमा प्रत्येक वर्ष नगद रकम र प्रशंसापत्र सहित **कृषक सम्मान** गर्ने व्यवस्थाको थालनी गरिनेछ।

२. गाउँपालिका क्षेत्रभित्रको सामुदायिक वनभित्र हुने सिस्नो, निगुरो र तामा जस्ता परम्परागत, अर्गानिक र रैथाने साग/सब्जीको उत्पादन एवम् संरक्षणमा विपन्न नागरिकहरुलाई आवद्ध गरिनेछ।

३. गाउँपालिका क्षेत्रभित्रका कृषियोग्य जमिनमा सिँचाई गर्नका लागि विगतदेखिनै सञ्चालनमा रहेका कुलो/पैनीको सामयिक मर्मतसम्भार गरी सिँचाईको क्षमता अभिवृद्धि गर्न आवश्यक रकम विनियोजन गरिनेछ। ठूलो लागत र स्तरीय प्रविधि मार्फत् सिँचाई हुने क्षेत्रको पहिचान गर्दै त्यस्ता आयोजना पहिचान गरी नेपाल सरकार तथा प्रदेश सरकारसँग सिँचाई सम्बन्धी आयोजना माग गर्ने व्यवस्था मिलाइनेछ।

४. कृषक लक्षित आयोजना तथा कार्यक्रममा वास्तविक कृषकहरुको पहुँच सुनिश्चित गर्न एवम् अनुदान वितरण प्रकृयामा निष्पक्षता र पारदर्शिता ल्याउन मापदण्ड तय गर्दै कृषि उत्पादन प्रणाली स्थापना र विकास गर्न किसान सूचीकरणको कार्य अघि बढाइनेछ।

५. गाउँपालिका क्षेत्रभित्रका इच्छुक आम कृषकहरुलाई व्यवसायिक माहुरी पालनमा आवद्ध गरी माहुरीको महमा गाउँपालिकाको पहिचान अभिवृद्वि गर्न **"हरेक घरमा चार घार, गाउँपालिकाको एक हजार"** नामक कार्यक्रम सञ्चालनमा ल्याइनेछ। यो कार्यक्रमको दिगोपनाका लागि स्थानीयस्तरमै घार उत्पादन गर्ने कृषकहरुलाई प्रोत्साहन अनुदान समेत दिने व्यवस्था मिलाइनेछ।

**पशुपंक्षी विकासः**

६. नेपाल सरकारले पशु/पंक्षीको बीमा कार्यक्रममा दिँदैं आएको अनुदानका विषयमा आम कृषकहरुमा अनभिज्ञता रहेको अवस्थालाई मध्यनजर गर्दै उल्लिखित बीमा अनुदानका

**बागमती प्रदेश सभाद्वारा पारित गाउँ/नगर/जिल्ला सभा सञ्चालन कार्यविधि ऐन, २०७५ (संशोधन, २०७७ सहित) को दफा २२ को उपदफा (१) बमोजिम मिति २०८०।०३।१० गते बसेको तीनपाटन गाउँपालिकाको १२ औं गाउँ सभा अधिवेशनको पहिलो बैठकबाट भएको निर्णय प्रमाणित गरेको छु।**

(कर्ण बहादुर मगर)
सभाध्यक्ष
तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ सभा
मितिः २०८०।०३।११



Scanned with CamScanner

विषयमा गाउँपालिका क्षेत्रभित्रका पशु/पंक्षीपालक कृषकहरुलाई सुसूचित गरी बीमा कार्यक्रममा बढीभन्दा बढी कृषकहरुलाई आवद्ध समेत गर्ने उद्देश्यले बीमा सम्बन्धी सचेतनामूलक कार्यक्रमको आयोजना गरिनेछ।

७. पशु विमा कार्यक्रममा बढीभन्दा बढी कृषकहरुलाई सहभागिता गराउन बिमा गरिएका पशुहरुमा जुका, नाम्ले जस्ता अन्य भाइरस/ब्याक्टेरियाका कारणले रोग लागेमा त्यस्ता पशुको ल्याब परीक्षण र उपचारमा प्रयोग हुने औषधि निःशुल्क वितरण गर्ने व्यवस्था मिलाइनेछ।

८. कृत्रिम गर्भाधान कार्यक्रमलाई निरन्तरता दिई दुध उत्पादनमा कृषकहरुलाई थप आकर्षित गर्न पाँच माउभन्दा बढी गाई/भैंसी पाल्ने कृषकहरुसँगको साझेदारीमा गोठ सुधार कार्यक्रम सञ्चालनमा ल्याइनेछ।

९. गाउँपालिका क्षेत्रभित्रको सामुदायिक वनभित्र बाह्रैमास घाँस तथा घाँसको विउ उत्पादन गर्न चाहने कृषकहरुलाई प्रोत्साहन अनुदान दिने व्यवस्था मिलाइनेछ।

१०. गाउँपालिका क्षेत्रभित्रका सबै वडाका उत्कृष्ट पशु/पंक्षी पालक कृषकलाई **नगद रकम र प्रशंसा-पत्र**ले सम्मान गर्ने व्यवस्थाको थालनी गरिनेछ।

११. सार्वजनिक विदा र कार्यालय समय बाहेकको समयमा समेत पशुपंक्षीपालक कृषकहरुलाई प्राविधिक सेवा उपलब्ध गराउने सोचका साथ **"टोल/टोलमै पशुपंक्षी सेवा"** नामक कार्यक्रम सञ्चालनमा ल्याइनेछ। यसका लागि पशुपंक्षी शाखामा कार्यरत प्राविधिक जनशक्तिलाई त्यस्तो सेवा उपलब्ध गराए वापत् थप प्रोत्साहन दिने व्यवस्था मिलाइनेछ।

१२. गाउँपालिका क्षेत्रभित्रका कृषकहरुको कृषि र पशुपंक्षी विकास सम्बन्धी कार्यमा सहजीकरण गरी कृषि पेशालाई अझ मर्यादित बनाई व्यवसायिक समेत बनाउन भविष्यका दिनमा **कृषि एम्बुलेन्स सेवा** सञ्चालनमा ल्याउन अनुसन्धानको कार्य अघि बढाइनेछ।

१३. भविष्यका दिनमा गाउँपालिका क्षेत्रभित्रबाटै दक्ष कृषि प्राविधिक जनशक्ति उत्पादन गर्न नेपाल सरकार तथा प्रदेश सरकारका निकायमा **कृषि क्याम्पस** स्थापनाका लागि साझेदारी गर्ने व्यवस्था मिलाइनेछ।

**सहकारी र आन्तरिक आयः**

१४. गाउँपालिका क्षेत्रभित्रका सहकारी संस्थालाई उत्पादनमूलक क्षेत्रमा लगानी बढाउन अभिप्रेरित गरिनेछ। कृषि क्षेत्रमा लगानी बढाई स्थानीयबासीको आय आर्जन अभिवृद्धि हुने किसिमका

**बागमती प्रदेश सभाद्वारा पारित गाउँ/नगर/जिल्ला सभा सञ्चालन कार्यविधि ऐन, २०७५ (संशोधन, २०७७ सहित) को दफा २२ को उपदफा (१) बमोजिम मिति २०८०।०३।१० गते बसेको तीनपाटन गाउँपालिकाको १२ औं गाउँ सभा अधिवेशनको पहिलो बैठकबाट भएको निर्णय प्रमाणित गरेको छु।**

**(कर्ण बहादुर मगर)**
**सभाध्यक्ष**
**तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ सभा**
**मितिः २०८०।०३।११**



Scanned with CamScanner

कार्यक्रम सञ्चालन गर्न चाहने गाउँपालिका क्षेत्रभित्रका सहकारी संस्थाहरुबाट प्रस्ताव लिई सबैभन्दा उत्कृष्ट प्रस्ताव पेश गर्ने सहकारी संस्थाको छनोट गरी त्यस्तो संस्थासँगको लागत साझेदारीमा कार्यक्रम सञ्चालन गर्ने अनुदान वितरण गर्ने व्यवस्था मिलाइनेछ।

१५. गाउँपालिका क्षेत्रभित्रका सहकारी संघ/संस्था, उद्योग/बाणिज्य संघ लगायतका निकायमा कार्यरत पदाधिकारीहरुलाई व्यवसायिक आचरणसँग सम्बन्धित विषय र विद्यमान पद्वतिप्रति अभ्यस्त गराउन सचेतनामूलक तालिम कार्यक्रमको आयोजना गरिनेछ।**"मैले तिर्ने कर, गाउँपालिकाको भर"** अभियान सञ्चालनमा ल्याइनेछ। यो अभियानप्रति आम गाउँबासी करदाता र उद्योग/व्यवसायीलाई समाहित गर्ने गाउँपालिकाले निर्धारण गर्ने करको क्षेत्र, दर, दायरा लगायतका अधिकाँश विषयवस्तुलाई समावेश गरी करदातामैत्री शिक्षा प्रवर्द्वनका कार्यक्रम सञ्चालनमा ल्याइनेछ।

१६. वडा एवम् समग्र गाउँपालिका तहबाट सबैभन्दा बढी कर तिर्ने संस्थागत, व्यक्तिगत लगायत विभिन्न विधागत करदाताहरुको पहिचान गरी त्यस्ता करदाताहरुको सम्मानका लागि वडा एवम् गाउँ कार्यपालिकाको कार्यालयको राजस्व संकलन गर्ने काउण्टरमानै सबैभन्दा बढी कर तिर्ने करदाता भनी **फोटो टाँस समेत गरी सम्मान गर्ने** व्यवस्थालाई संस्थागत गरिनेछ।

**<u>उद्यम, सीप र रोजगार</u>**

१७. **"उद्यम मार्फत् रोजगार, गर्वको आधार"** नामक अभियान सञ्चालनमा ल्याइनेछ। यो अभियानलाई व्यवहारमा क्रमशः कार्यान्वयनमा लैजान गाउँपालिका क्षेत्रभित्रका प्रत्येक वडाबाट वैदेशिक रोजगारीमा गएका व्यक्तिहरुले पठाउने विप्रेषण रकमको अधिकाँश हिस्सा व्यवसायिक उद्यममा खर्चिनका लागि प्रोत्साहित गर्न सबै वडाबाट बढीभन्दा बढी रकम उद्यममा खर्चिने उत्कृष्ट एक/एक गरी जम्मा एघार परिवारलाई उद्यम प्रवर्द्धनमा अनुदान दिने व्यवस्था मिलाइनेछ। यसका साथै गाउँपालिका क्षेत्रभित्रका वेरोजगार युवाहरुलाई स्वरोजगारमा आवद्ध गर्न विभिन्न दातृ निकायहरुसँगको साझेदारीमा सीपमूलक कार्यक्रमहरु क्रमशः सञ्चालनमा ल्याइनेछ।

**सामाजिक विकास क्षेत्रः**

**<u>शिक्षा</u>**

१८. सामुदायिक विद्यालयको गुणस्तरप्रति आम समुदायको खस्कदों धारणामा क्रमशः सकारात्मक परिवर्तन ल्याउन **"प्राविधिक विधामा रोजगारी, तीनपाटनका छोराछोरी"** नामक कार्यक्रम

**बागमती प्रदेश सभाद्वारा पारित गाउँ/नगर/जिल्ला सभा सञ्चालन कार्यविधि ऐन, २०७५ (संशोधन, २०७७ सहित) को दफा २२ को उपदफा (१) बमोजिम मिति २०८०।०३।१० गते बसेको तीनपाटन गाउँपालिकाको १२ औं गाउँ सभा अधिवेशनको पहिलो बैठकबाट भएको निर्णय प्रमाणित गरेको छु।**

(कर्ण बहादुर मगर)
सभाध्यक्ष
तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ सभा
मितिः २०८०।०३।११



Scanned with CamScanner

सञ्चालनमा ल्याइनेछ। गाउँपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयबाट एस.इ.इ. परीक्षा उत्तीर्ण गरी गाउँपालिकाले तोकेको शिक्षण संस्थाबाट लिइने प्रवेश परीक्षामा उच्चतम स्कोर प्राप्त गर्ने वडाभित्रका एक/एकजना विद्यार्थीलाई प्राविधिक विधामा ३ वर्षे अध्ययन छात्रवृत्ति उपलब्ध गराई अध्ययन सम्पन्न भए पश्चात् कम्तीमा एक वर्ष सम्बन्धित वडामै रही कार्य गर्ने व्यवस्थालाई संस्थागत गर्न स्थानीय कानून बनाइनेछ।

१९. गाउँपालिका क्षेत्रभित्रका दलित समुदायभित्रका बुहारीहरुको उच्च शिक्षामा पहुँच अभिवृद्धि गर्न **"सासुको इच्छा, बुहारीलाई शिक्षा"** नामक कार्यक्रम सञ्चालनमा ल्याइनेछ। यस कार्यक्रमबाट गाउँपालिका क्षेत्रभित्रका क्याम्पसमा स्नातक वा सोभन्दा माथि उच्च शिक्षाका लागि भर्ना हुने दलित समुदायका बुहारीहरुको भर्ना शुल्क र मासिक शुल्क गाउँपालिकाबाटै व्योहोरिने व्यवस्था मिलाइनेछ।

२०. शिक्षक र विद्यार्थी संख्याको अनुपातलाई नीतिगत व्यवस्था बमोजिम अनुकूलन गर्दै सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा अभिवृद्धि गर्न **"एक वडा, एक आवासीय मा.वि."** को अवधारणाका लागि अध्ययन अनुसन्धान कार्य अघि बढाइनेछ। यसका लागि विद्यार्थी संख्या कम भएका विद्यालयहरु एकापसमा मर्ज गर्ने प्रकृया अघि बढाइनेछ।

२१. सरोकारवाला पक्षसँग निरन्तर अन्तर्किया र छलफल गरी गाउँपालिका क्षेत्रभित्रको सामुदायिक विद्यालयको गुणस्तर अभिवृद्धि गर्न आर्थिक वर्ष २०८०।०८१ लाई लाई **शैक्षिक सुधार वर्ष**को रुपमा लगिनेछ। यसका लागि देहाय बमोजिमका अभियानहरु सञ्चालनमा ल्याइनेछः

(क) विद्यार्थीसँग अध्यक्ष,

(ख) विद्यालय व्यवस्थापन समितिसँग उपाध्यक्ष,

(ग) प्रधानाध्यापकसँग प्रमुख प्रशासकीय अधिकृत

(घ) शिक्षकसँग शिक्षा अधिकृत, र

(ङ) अभिभावकसँग वडा अध्यक्ष।

२२. बालमैत्री वडा घोषणा भएको वडाभित्रको कुनै एक सामुदायिक विद्यालयमा बालमैत्री शिक्षण सामाग्रीको व्यवस्था गरी **मन्टेसरी विधि मार्फत्** पठनपाठन प्रकृया आरम्भ गरिनेछ।

२३. प्रत्येक वर्षको एस.इ.इ परीक्षामा गाउँपालिका क्षेत्रभित्रबाट सर्वोत्कृष्ट नतिजा ल्याउने एक/एकजना छात्र र छात्रालाई एक/एक थान ल्यापटप एवम् कक्षा ८ र कक्षा ५ को आधारभूत

**बागमती प्रदेश सभाद्वारा पारित गाउँ/नगर/जिल्ला सभा सञ्चालन कार्यविधि ऐन, २०७५ (संशोधन, २०७७ सहित) को दफा २२ को उपदफा (१) बमोजिम मिति २०८०।०३।१० गते बसेको तीनपाटन गाउँपालिकाको १२ औं गाउँ सभा अधिवेशनको पहिलो बैठकबाट भएको निर्णय प्रमाणित गरेको छु।**

**(कर्ण बहादुर मगर)**
**सभाध्यक्ष**
**तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ सभा**
**मितिः २०८०।०३।११**



Scanned with CamScanner

तहको परीक्षामा समेत गाउँपालिका क्षेत्रभित्रबाट सर्वोत्कृष्ट नतिजा ल्याउने एक/एकजना छात्र र छात्रालाई नगद रकमले पुरस्कृत गर्ने व्यवस्थाको थालनी गरिनेछ।

२४. गाउँपालिका क्षेत्रभित्रको सामुदायिक विद्यालयमा अध्यापन गराउने शिक्षकहरुमध्ये वर्षभरिमा सबैभन्दा उत्कृष्ट विषयगत नतिजा हाँसिल गराउन सक्षम एक/एकजना महिला र पुरुष शिक्षकलाई खाइपाइ आएको **एक महिना बराबरको तलब रकम र सम्मान-पत्रले** पुरस्कृत गर्ने व्यवस्थाको थालनी गरिनेछ।

२५. नेपालको संविधानले व्यवस्था गरेको स्थानीय तहको संगठनात्मक व्यवस्था, काम, कर्तव्य, अधिकार, भूमिका र जिम्मेवारीका विषयमा विद्यालय तहबाटै आम विद्यार्थीहरुलाई अभ्यस्त गराउँदै सङ्घीयतालाई थप संस्थागत गर्ने आधार तय गर्न विद्यार्थीहरुलाई समावेश गरी अन्तर-विद्यालयस्तरीय **हाजिरी जवाफ प्रतियोगिता र वक्तृत्वकला** जस्ता कार्यक्रमको आयोजना गरिनेछ।

२६. सामुदायिक विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीमा वर्तमान व्यवस्थाले गरेको सार्वजनिक खरिद र जिन्सी व्यवस्थापनका सम्बन्धमा पर्याप्त मात्रामा तालिम तथा प्रशिक्षण नभएका कारण प्रत्येक आर्थिक वर्ष बेरुजुको मात्रा वृद्धि भइरहेकोमा त्यस्तो अवस्थाको न्युनीकरणका लागि सम्बन्धित शिक्षक तथा कर्मचारी लक्षित **सार्वजनिक खरिद र जिन्सी व्यवस्थापन सम्बन्धी तालिम** कार्यक्रमको आयोजना गर्ने व्यवस्था मिलाइनेछ।

२७. नेपालमा बसोबास गर्ने प्रत्येक समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संवर्धन र संरक्षण गर्ने हक हुनेछ भनी नेपालको संविधानमा व्यवस्था भएकोमा गाउँपालिका क्षेत्रभित्रका आदिबासी/जनजाति समुदायको लिपी संरक्षण गर्न अध्ययन अनुसन्धानको कार्य अघि बढाइनेछ।

२८. गाउँपालिका क्षेत्रभित्रका जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी एवम् शिक्षकका सन्ततीहरुलाई सामुदायिक विद्यालयमा नै अनिवार्य अध्ययन गराउने व्यवस्थाका लागि आवश्यक प्रकृया अघि बढाइनेछ।

२९. शिक्षा समिति, सामुदायिक विद्यालयका शिक्षक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी लगायतका सरोकारवाला व्यक्तिहरुको क्षमता अभिवृद्वि हुने किसिमका क्षमतामूलक तालिम कार्यक्रमको आयोजना गरिनेछ।

**बागमती प्रदेश सभाद्वारा पारित गाउँ/नगर/जिल्ला सभा सञ्चालन कार्यविधि ऐन, २०७५ (संशोधन, २०७७ सहित) को दफा २२ को उपदफा (१) बमोजिम मिति २०८०।०३।१० गते बसेको तीनपाटन गाउँपालिकाको १२ औं गाउँ सभा अधिवेशनको पहिलो बैठकबाट भएको निर्णय प्रमाणित गरेको छु।**

**(कर्ण बहादुर मगर)**
**सभाध्यक्ष**
**तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ सभा**
**मितिः २०८०।०३।११**



Scanned with CamScanner

३०. गाउँपालिका क्षेत्रभित्रको स्थानीयतासँग सम्बन्धित यावत् विषयवस्तुहरुलाई विद्यालयस्तरको पाठ्यक्रममै समावेश गरी विद्यार्थीहरुलाई निरन्तर अध्ययनको वातावरण मिलाउन निर्मित **स्थानीय** पाठ्यक्रमलाई सामयिक परिमार्जन गरिनेछ।

३१. सामुदायिक विद्यालयबाट समेत क्रमशः पोषणमैत्री एवम् बालमैत्री गाउँपालिका स्थापना गर्न **"विद्यालयमा आमा"** नामक कार्यक्रम सञ्चालनमा ल्याइनेछ। आगामी आर्थिक वर्ष २०८०।०८१ मा कार्यपालिकाले तोकेको कुनै एक सामुदायिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरुका लागि नेपाल सरकारबाट उपलब्ध हुने दिवा खाजाको रकममा गाउँपालिकाबाट समेत केही रकम थप गरी विद्यार्थीहरुको आमाहरु सम्मिलित समुहलाई प्रोत्साहित गरी उक्त समुहबाटै विद्यालयमा क्याण्टिन सञ्चालन गर्दै स्थानीयस्तरमा उपलब्ध हुने पोषणयुक्त खाजा प्रत्येक विद्यार्थीलाई ख्वाइने व्यवस्थाको थालनी गरिनेछ।

**स्वास्थ्य**

३२. महिनावारीको समयमा प्रयोगमा आउने परम्परागत प्याडका कारण अधिकाँश महिलाहरुको पाठेघरमा संक्रमणको समस्या देखा पर्न थालेको अवस्थालाई मध्यनजर गर्दै स्थानीय स्रोत/सामाग्रीको प्रयोग गरी स्थानीयस्तरमै घरेलु स्यानिटरी प्याड उत्पादन गरी गाउँपालिका क्षेत्रभित्रका विपन्न परिवारका महिलाहरुलाई महिला स्वास्थ्य स्वयंसेविका मार्फत् नै निःशुल्क वितरण गर्ने व्यवस्था मिलाउन **"उद्यमसँगै जनजीविका, प्याड उत्पादनमा स्वयंसेविका"** नामक कार्यक्रम सञ्चालनमा ल्याइनेछ। यसका लागि गाउँपालिका क्षेत्रभित्रका सम्पूर्ण महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई स्यानिटरी प्याड उत्पादनका लागि समुहमा आवद्ध गरिने र सोही समुह मार्फत् उत्पादित स्यानिटरी प्याड गाउँपालिकाले खरिद गरी स्वयंसेविका मार्फत् **निःशुल्क वितरण** गर्नेसम्मको व्यवस्था मिलाइनेछ।

३३. क्यान्सर लागेका, मुटुको शल्यक्रिया गर्नुपर्ने, मृगौलाको शल्यक्रिया वा डायलाइसिसका विरामी, प्यारालाइसिस जस्ता कडा रोग लागि उपचार गराउन आर्थिक अभाव भएका स्थानीयवासीको स्वास्थ्योपचारमा केही रकम सहयोग गर्दै स्वास्थ्य सम्बन्धी प्रवर्द्वनात्मक, उपचारात्मक र निरोधात्मकगतिविधि समेत सञ्चालन गर्ने उद्देश्यले **"नागरिक उपचार सहायता कोष"** को स्थापना गरिनेछ। मापदण्ड बमोजिम उक्त कोषको सञ्चालन गरी कोषको परिचालनमा निष्पक्षता र पारदर्शिता ल्याउन एवम् छिटो/छरितो ढंगले गाउँबासीको उपचारमा सहयोग

**बागमती प्रदेश सभाद्वारा पारित गाउँ/नगर/जिल्ला सभा सञ्चालन कार्यविधि ऐन, २०७५ (संशोधन, २०७७ सहित) को दफा २२ को उपदफा (१) बमोजिम मिति २०८०।०३।१० गते बसेको तीनपाटन गाउँपालिकाको १२ औं गाउँ सभा अधिवेशनको पहिलो बैठकबाट भएको निर्णय प्रमाणित गरेको छु।**

**(कर्ण बहादुर मगर)**
**सभाध्यक्ष**
**तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ सभा**
**मितिः २०८०।०३।११**



Scanned with CamScanner

पुर्याउने व्यवस्थालाई **संस्थागत** समेत गर्न स्थानीय कानूनको तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।

**३४.** चिकित्सकको सिफारिसमा ६८ वर्षभन्दा माथिका ज्येष्ठ नागरिक, भिन्न क्षमता भएका व्यक्ति, एकल तथा विधवा महिला, गर्भवती तथा सुत्केरी महिला र सहिद तथा वेपत्ता पारिएका परिवारका सन्ततीलाई गाउँपालिका क्षेत्रभित्रको प्राथमिक स्वास्थ्य केन्द्र/अस्पतालबाट उपलब्ध हुने ल्याब र रेडियोलोजी सेवा निःशुल्क गर्ने व्यवस्था मिलाइनेछ।

**३५.** गाउँपालिका क्षेत्रभित्रका स्वास्थ्य संस्थामा प्रसुती हुन नसकी अन्यत्र अस्पतालमा रेफर गरिने गर्भवती महिला, बाढी/पहिरो, चट्याङ, सडक दुर्घटना जस्ता प्राकृतिक/गैर प्राकृतिक प्रकोपबाट घाइते भई अन्यत्र रेफर गरिने स्थानीयबासी, ६८ वर्ष माथिका ज्येष्ठ नागरिक, अपाङ्गता परिचयपत्र प्राप्त गरेका व्यक्ति, र सहिद तथा वेपत्ता पारिएका व्यक्तिको एकासगोलका परिवारलाई **एम्बुलेन्स सेवा निःशुल्क** गरिनेछ।

**३६. "स्वस्थ आमा, स्वस्थ बच्चा"** अभियान सञ्चालनमा ल्याइनेछ। यो अभियान कार्यान्वयन गर्न गर्भवती भएको १३ हप्तादेखी सुत्केरी भएको ६ हप्तासम्मका सम्पूर्ण गर्भवती एवम् सुत्केरी महिलाहरुलाई सम्बन्धित स्वास्थ्य संस्था मार्फतनै **निःशुल्क क्याल्सियम चक्की वितरण**को व्यवस्था मिलाइनेछ। त्यसैगरी विवाह दर्ता गर्न आउने नव विवाहित दम्पत्तिबाट स्वस्थ्य बच्चा जन्माउने उद्देश्यका त्यस्ता दम्पतिको इच्छा अनुसार सम्बन्धित वडा कार्यालयबाट समेत फोलिक एसिड वितरण गर्ने व्यवस्था मिलाइनेछ।

**३७.** सामुदायिक स्वास्थ्य बीमा कार्यक्रममा आम गाउँबासी विपन्न नागरिकहरुलाई आवद्ध गर्न त्यस्ता नागरिकहरुलाई बीमा शुल्कको पचास प्रतिशत रकम अनुदानस्वरुप उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।

**३८. "निरोगी तीनपाटन, हाम्रो अभियान"** सञ्चालनमा ल्याइनेछ। यसका लागि क्यान्सर, मृगौलाको डायलासिस, मुटु रोगी, प्यारालाइसिस जस्ता गम्भीर प्रकृतिका रोग लागि घरमै बसी औषधि सेवन गरिरहेका विरामी नागरिकको स्वास्थ्योपचारमा महिनामा कम्तीमा एकपटक घरमै गई हेरचाह गर्न **"घरमै स्वास्थ्यकर्मी"** कार्यक्रम सञ्चालनमा ल्याइनेछ। यसका लागि त्यस्ता विरामीहरुको तथ्यांक सम्बन्धित वडाको स्वास्थ्य संस्थामा संकलन गरी उक्त संस्थामा कार्यरत स्वास्थ्यकर्मी मार्फत् यो कार्यक्रम सञ्चालन गरिने र त्यसरी खटिएका स्वास्थ्यकर्मीलाई प्रोत्साहन उपलब्ध गराइनेछ।

**बागमती प्रदेश सभाद्वारा पारित गाउँ/नगर/जिल्ला सभा सञ्चालन कार्यविधि ऐन, २०७५ (संशोधन, २०७७ सहित) को दफा २२ को उपदफा (१) बमोजिम मिति २०८०।०३।१० गते बसेको तीनपाटन गाउँपालिकाको १२ औं गाउँ सभा अधिवेशनको पहिलो बैठकबाट भएको निर्णय प्रमाणित गरेको छु।**

(कर्ण बहादुर मगर)
सभाध्यक्ष
तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ सभा
मितिः २०८०।०३।११



Scanned with CamScanner

३९. नेपाल सरकारबाट लाम्पनटार प्राथमिक स्वास्थ्य केन्द्रलाई पन्ध्र शैयाको आधारभूत अस्पताल सञ्चालनमा नआउञ्जेलसम्म गाउँपालिकाको आफ्नै व्यवस्थापनबाट उक्त प्राथमिक स्वास्थ्य केन्द्रलाई पाँच शैयाको आधारभूत अस्पतालमा स्तरोन्नती गरी सञ्चालनमा ल्याइनेछ। यसका लागि उक्त अस्पतालमा सुपथ मूल्यको फार्मेसी सेवा समेत सञ्चालनमा ल्याइनेछ।

**समावेशिता प्रवर्द्धन र सामाजिक सुरक्षा**

४०. महिला, दलित, ज्येष्ठ नागरिक, भिन्न क्षमता भएका व्यक्ति, आदिबासी/जनजाति, मधेसी, लगायत समावेशी समुहमा पर्ने विभिन्न वर्ग तथा समुदायलाई लक्षित गरी सचेतनामूलक तालिमका साथसाथै विभिन्न विधाका सीपमूलक कार्यक्रमहरु क्रमशः सञ्चालनमा ल्याइनेछ। गाउँपालिका क्षेत्रभित्र रहेका विभिन्न जातजातिको रहनसहन, भेषभुषा, प्रथा/परम्परालाई जीवन्त राख्न **जातिय संग्रहालय** स्थापनाका लागि सम्भाव्यता अध्ययन गरिनेछ।

४१. **"वर्तमानका बालक, भविष्यका पालक"** अभियान सञ्चालनमा ल्याइनेछ। यो अभियानलाई व्यवहारमा कार्यान्वयनमा लैजान गाउँपालिका क्षेत्रभित्रका बालबालिकाहरुलाई समग्र शासकीय प्रणालीमा क्रमशः अभ्यस्त गराउँदैं विभिन्न विधामा अन्तरनिहित प्रतिभाको उजागर समेत गर्न सबै वडाका बाल क्लबको क्षमता अभिवृद्वि गरिनेछ।

४२. गाउँपालिका क्षेत्रभित्रका युवा लगायत सरोकारवालाहरुलाई लक्षित गरी लागू औषध दुव्यर्सन, मानव वेचविखन विरुद्वका सचेतनामूलक कार्यक्रम तथा क्रियाकलापहरु सञ्चालनमा ल्याइनेछ।

**खानेपानी र सरसफाई**

४३. पानी नै जीवन हो।यो साश्वत् तथ्यलाई हृदयङ्गम गर्दै गाउँपालिका क्षेत्रभित्रका पानीका मुहानहरुको संरक्षण गर्ने कार्यलाई उच्च प्राथमिकतामा राखी त्यस्ता स्थानमा डोजर प्रयोगमा पूर्णरुपमा बन्देज लगाउँदैं वृक्षारोपण अभियान सञ्चालनमा ल्याइनेछ।

४४. छिमेकी स्थानीय तहहरुसँग समेतको साझेदारीमा गाउँपालिका क्षेत्रभित्रबाट उत्पत्ति हुने नकुहिने फोहोरको प्रशोधन गरी त्यसको यथोचित व्यवस्थापन गर्न **डम्पिङ साइट** स्थापना गर्ने प्रकृया अघि बढाइनेछ।

४५. अत्यधिक आवागमन हुने सार्वजनिक स्थलहरुको पहिचान गर्दै त्यस्ता स्थानहरुमा प्रत्येक आर्थिक वर्ष कम्तीमा एउटा सार्वजनिक शौचालय निर्माण गर्दै जाने व्यवस्था मिलाइनेछ।

**खेलकूद**

**बागमती प्रदेश सभाद्वारा पारित गाउँ/नगर/जिल्ला सभा सञ्चालन कार्यविधि ऐन, २०७५ (संशोधन, २०७७ सहित) को दफा २२ को उपदफा (१) बमोजिम मिति २०८०।०३।१० गते बसेको तीनपाटन गाउँपालिकाको १२ औं गाउँ सभा अधिवेशनको पहिलो बैठकबाट भएको निर्णय प्रमाणित गरेको छु।**

**(कर्ण बहादुर मगर)**
**सभाध्यक्ष**
**तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ सभा**
**मितिः २०८०।०३।११**



Scanned with CamScanner

४६. **स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद** भन्ने नाराका साथ गाउँपालिका क्षेत्रभित्र खेलिने भलिबल, फूटबल जस्ता विभिन्न विधाका खेलकूदलाई क्रमशः सम्बोधन गर्दै जाने ध्येयका साथ **तीनपाटन कप** खेल प्रतियोगिताहरु आयोजना गर्दै लगिनेछ। विभिन्न विधाका खेलकूदमा गाउँपालिकाको प्रतिनिधित्व गर्दै अन्यत्र स्थानमा प्रतिनिधित्व गर्ने खेलाडीहरुलाई खेलकूद कार्यमा भाग लिन आवश्यक सहजीकरण गरिनेछ।

४७. प्रादेशिक, राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा खेलकूदका माध्यमबाट पहिचान स्थापित गरेका गाउँपालिका क्षेत्रभित्रका विभिन्न विधाका खेलाडीहरुलाई **सम्मान** गरिनेछ।

४८. गाउँपालिकास्तरीय खेल मैदान स्थापनाका लागि आवश्यक प्रकृया अघि बढाइनेछ।

**पूर्वाधार विकास क्षेत्रः**

४९. गाउँपालिकाको आफ्नै स्रोत एवम् नेपाल सरकार तथा प्रदेश सरकारको विभिन्न अनुदान एवम् कार्यक्रम मार्फत् गाउँपालिका क्षेत्रभित्र गत/विगत आर्थिक वर्षदेखि क्रमागत निर्माण ठेक्का बन्दोबस्त भएका एवम् आर्थिक वर्ष २०७९।०८० मा सम्पन्न भई भुक्तानी दिन बाँकी योजना तथा कार्यक्रमहरुको फरफारकका लागि आवश्यक रकम विनियोजन गरिनेछ।

५०. सुविधासम्पन्न भवन नभएका वडा कार्यालय र स्वास्थ्य संस्थाहरुको भवन निर्माण प्रकृया आरम्भ गरिनेछ।

५१. गाउँपालिका क्षेत्रभित्रका सडक, पुल/पुलेसा, सार्वजनिक मठ/मन्दिर/चर्च/गुम्बा लगायतका अन्य सार्वजनिक एवम् सरकारी संरचनाहरुको आवश्यकता अनुसार मर्मतसम्भार गर्न **मर्मतसम्भार कोष**मा उपयुक्त रकम विनियोजन गरिनेछ। सो कोषको निष्पक्ष र पारदर्शी परिचालनका लागि उपयुक्त पद्धति समेत निर्धारण गरिनेछ।

५२. नेपाल सरकार/प्रदेश सरकार/अन्य स्थानीय तह एवम् दातृ निकायसँगको साझेदारीमा सञ्चालन हुने पूर्वाधारजन्य आयोजना एवम् कार्यक्रममा गाउँपालिकाको तर्फबाट आवश्यक साझेदारी र सहकार्य गर्न समपूरक कोषमा आवश्यक रकम विनियोजन गरिनेछ। आर्थिक वर्षको अन्त्यमा गाउँपालिकाको स्थानीय सञ्चित कोषमा अनुमान गरे भन्दा बढी रकम मौज्दात रहन आउने भएमा उक्त रकम सोही कोषमा स्वतः समायोजन हुने व्यवस्था मिलाइनेछ। गाउँपालिकाको विनियोजन ऐनमा समावेश कुनै आयोजना/कार्यक्रम सञ्चालनमा रकम नपूग हुन आउने देखिएमा उक्त कोषबाट समेत आवश्यकता अनुसारको रकम साझेदारी गर्न सकिनेछ।

**बागमती प्रदेश सभाद्वारा पारित गाउँ/नगर/जिल्ला सभा सञ्चालन कार्यविधि ऐन, २०७५ (संशोधन, २०७७ सहित) को दफा २२ को उपदफा (१) बमोजिम मिति २०८०।०३।१० गते बसेको तीनपाटन गाउँपालिकाको १२ औं गाउँ सभा अधिवेशनको पहिलो बैठकबाट भएको निर्णय प्रमाणित गरेको छु।**

**(कर्ण बहादुर मगर)**
**सभाध्यक्ष**
**तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ सभा**
**मितिः २०८०।०३।११**



Scanned with CamScanner

५३. स्थानीय सरकार सञ्चालन ऐन आए पश्चात् प्रत्येक स्थानीय तहभित्र निर्माण हुने भवनको अनिवार्य नक्सा पास गर्नुपर्ने व्यवस्था लागू भएको छ। उक्त ऐन लागू हुनुभन्दा अघि पनि गाउँपालिका क्षेत्रभित्र पक्की संरचनाका भवनहरु निर्माण सम्पन्न भइसकेका छन्।भवनको नक्सा पास गर्ने व्यवस्था विगतका दिनमा बाध्यकारी नभएको र त्यस अवस्थामा भवन निर्माण गर्ने स्थानीयबासीहरुले हालका दिनमा बैंकिङ एवम् अन्य प्रयोजनका कारोबार गर्दा गाउँपालिकाबाट भवनको नक्सा पासको प्रमाणपत्र पेश गर्नुपर्ने बाध्यता रहेको भनी व्यापक जनगुनासो आएको हुँदा राष्ट्रिय/प्रादेशिक एवम् स्थानीय सडक सम्बन्धी मापदण्डमा प्रतिकूल असर नपर्ने गरी विगतका दिनमा त्यसरी निर्माण सम्पन्न भएका भवनहरुको **अभिलेख प्रयोजनका लागि नक्सा पास नियमित गर्ने** व्यवस्था मिलाइनेछ। यसका लागि त्यस्ता भवन धनीहरुले ऐन लागू हुनुभन्दा अघि निर्माण गरेका विद्यमान भवनको नक्सा सूचीकृत कन्सल्टेन्सीबाट नभई गाउँपालिकाको घर/नक्सा पास शाखाबाटै बनाउन चाहेमा तीनपाटन गाउँपालिकाको आर्थिक ऐनले निर्धारण गरेको राजस्व दस्तुर लिइने र उक्त दस्तुरको पचास प्रतिशत रकम अभिलेख प्रयोजनका लागि नक्सा पास नियमित गर्ने कार्यमा खटिने प्राविधिक जनशक्तिलाई प्रोत्साहनस्वरुप उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।

५४. गाउँपालिका क्षेत्रभित्र नयाँ निर्माण हुने भवनहरुको मापदण्ड बमोजिमको प्रस्तावित नक्सा निर्माण गरी गाउँपालिकामा पेश गर्ने दायित्व भवन धनीहरु स्वयंको हुने एवम् प्रस्तावित नक्सा मापदण्ड बमोजिमको भए/नभएको चेकजाँच गर्ने दायित्व गाउँपालिकाको घर/नक्सा पास शाखाको हुने र मापदण्ड बमोजिमको नक्सा भए नियमानुसार नक्सा पासको प्रकृया अघि बढ्ने व्यवस्था छ। गाउँपालिकामा सूचीकृत कन्सल्टेन्सीहरु मार्फत् अधिकाँश प्रस्तावित नक्सा निर्माण हुँदै आइरहेकोमा गाउँपालिकाको घर/नक्सा पास शाखाबाटै मापदण्ड बमोजिमको प्रस्तावित नक्सा निर्माण गरी दिनका लागि भवन धनीहरुले अनुरोध गरेमा तीनपाटन गाउँपालिकाको आर्थिक ऐनले निर्धारण गरेको राजस्व दस्तुर लिई घर/नक्सा पास शाखाबाट समेत नक्सा निर्माण गरी दिने र त्यसरी संकलन भएको राजस्व दस्तुरको पचास प्रतिशत रकम घर/भवनको नक्सा निर्माण कार्यमा खटिने प्राविधिक जनशक्तिलाई प्रोत्साहनस्वरुप उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।

५५. गाउँपालिका क्षेत्रभित्र रहेका विभिन्न मठ/मन्दिर/चर्च/गुम्बा/मस्जिद लगायतका निकायको भौतिक सम्पतिको संरक्षण गर्न आवश्यक व्यवस्था मिलाइनेछ।

**बागमती प्रदेश सभाद्वारा पारित गाउँ/नगर/जिल्ला सभा सञ्चालन कार्यविधि ऐन, २०७५ (संशोधन, २०७७ सहित) को दफा २२ को उपदफा (१) बमोजिम मिति २०८०।०३।१० गते बसेको तीनपाटन गाउँपालिकाको १२ औं गाउँ सभा अधिवेशनको पहिलो बैठकबाट भएको निर्णय प्रमाणित गरेको छु।**

**(कर्ण बहादुर मगर)**
**सभाध्यक्ष**
**तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ सभा**
**मितिः २०८०।०३।११**



Scanned with CamScanner

५६. सडकको भार वहन क्षमता विश्लेषण गरी हेभी तथा हलुका सवारीको आवागमनका लागि गाउँपालिका क्षेत्रभित्रका सडकको वर्गीकरण गरी लागू गरिनेछ।

५७. गाउँपालिका क्षेत्रभित्र विद्युत विस्तार गर्न बाँकी रहेका वडाभित्रका बस्तीहरुमा विद्युतको पहुँच स्थापित गर्न नेपाल विद्युत प्राधिकरण लगायत अन्य सरोकारवाला निकायहरुमा आवश्यक समन्वय र सहकार्य गर्दै लगिनेछ।

**वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रः**

५८. गाउँपालिका क्षेत्रभित्र प्राकृतिक तथा गैर प्राकृतिक विपदबाट हुनसक्ने सर्वसाधारणको जीउज्यान र सार्वजनिक, निजी तथा व्यक्तिगत सम्पत्ति, प्राकृतिक एवम् सांस्कृतिक सम्पदा र भौतिक संरचनाको संरक्षण गर्नका लागि प्रकोप व्यवस्थापन कोषमा उपयुक्त रकम विनियोजन गरिनेछ।

५९. स्थानीय प्रहरी सर्जमिन मुचुल्का र वडाको सिफारिसलाई मुख्य आधार मान्दै प्रकोप पिडित व्यक्ति/निकायहरुलाई प्रकोप व्यवस्थापन कोषबाट **तत्काल् राहत** उपलब्ध गराउने ध्येयका साथ प्रकोप व्यवस्थापन सम्बन्धी कानूनमा सामयिक संशोधन गरिनेछ।

६०. प्राकृतिक तथा गैर प्राकृतिक प्रकोपका समयमा सरोकारवाला सबैको साथ/सहयोगले मात्र प्रकोप व्यवस्थापन गर्न सकिन्छ भन्ने तथ्यलाई मध्यनजर गर्दै गाउँपालिका क्षेत्रभित्रका **सबै वडाबाट आवश्यक संख्याका युवाहरुलाई समावेश गरी प्रकोप व्यवस्थापनसँग आधारभूत तालिम प्रदान गरिने** र त्यस्ता तालिम प्राप्त युवा जनशक्तिलाई प्रकोपका समयमा उद्दारका लागि विशेष परिचालन गर्ने गरी सूचीकृत गरी राख्ने व्यवस्था मिलाइनेछ।

६१. गाउँपालिका क्षेत्रभित्रका विभिन्न स्थानमा भैरहेको भुक्षय रोकथाम एवम् पर्यावरण संरक्षणका लागि सम्भावित स्थलहरुमा स्थानीय गैरसरकारी संघ/संस्थाहरुसँगको साझेदारीमा बृक्षारोपण कार्यक्रम सञ्चालनमा ल्याइनेछ।

६२. सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिकाबाट स्वीकृत गराउनु पर्ने र सो कार्ययोजना बमोजिम वन पैदावर विक्री गरी प्राप्त हुने आम्दानीको दश प्रतिशत रकम गाउँपालिकाको स्थानीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने भनी सङ्घीय स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ख. मा भएको व्यवस्थालाई कडाईका साथ लागू गरिनेछ।

**संस्थागत विकास तथा सेवा प्रवाह क्षेत्रः**

**बागमती प्रदेश सभाद्वारा पारित गाउँ/नगर/जिल्ला सभा सञ्चालन कार्यविधि ऐन, २०७५ (संशोधन, २०७७ सहित) को दफा २२ को उपदफा (१) बमोजिम मिति २०८०।०३।१० गते बसेको तीनपाटन गाउँपालिकाको १२ औं गाउँ सभा अधिवेशनको पहिलो बैठकबाट भएको निर्णय प्रमाणित गरेको छु।**

**(कर्ण बहादुर मगर)**
**सभाध्यक्ष**
**तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ सभा**
**मितिः २०८०।०३।११**



Scanned with CamScanner

६३. विकास निर्माण र सेवा प्रवाहको विषयमा पूर्व जनप्रतिनिधिहरुले आफ्नो कार्यकालमा भोगेका महत्वपूर्ण कार्य/अनुभवहरु समेटी उक्त कार्य/अनुभवलाई गाउँपालिकाको स्थायी सम्पत्तिको रुपमा संस्थागत गर्न **कृति** प्रकाशन गरिनेछ।

६४. गाउँ कार्यपालिकाको कार्यालय र वडा कार्यालयबाट प्रवाह हुने सेवा, उक्त सेवा प्राप्तिका लागि आवश्यक पर्ने कागजात, सेवा प्राप्तिको लागि लाग्ने समय र लागत, सेवा प्रवाहको जिम्मेवारी पाएका पदाधिकारी तथा कर्मचारीको विवरण जस्ता विषयमा आम तीनपाटनबासी सेवाग्राहीलाई घर/घरबाटै सुसूचित गर्ने उद्देश्यका साथ **"घर/घरमा वडापत्र"** अभियानको सुरुआत गरिनेछ। यो अभियानको कार्यान्वयनका लागि उल्लिखित सम्पूर्ण विवरणहरु गाउँपालिकाको नोटबुकमा छपाई गर्ने र, उक्त नोटबुक प्रत्येक घरधुरीमा वितरण गर्ने व्यवस्था मिलाइनेछ।

६५. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा व्यवस्था भएको न्यायिक समितिको क्षेत्राधिकारभित्रका मुद्दाहरुलाई सकभर मेलमिलापको माध्यमबाट समाधान गर्ने उद्देश्यका साथ **"मिलाप गरौं, विलाप नगरौं"** अभियान सञ्चालनमा ल्याइनेछ। यसका लागि न्यायिक समिति, प्रत्येक वडाका मेलमिलाप केन्द्रमा आवद्ध पदाधिकारी, कर्मचारी लगायत सरोकारवालाको क्षमता अभिवृद्धि हुने किसिमका क्षमतामूलक तालिम र सचेतनामूलक कार्यक्रमं सञ्चालनमा ल्याइनेछ।

६६. गाउँपालिका क्षेत्रभित्र क्रियाशील सामुदायिक तथा गैरसरकारी संघ/संस्थाहरुको वार्षिक योजना, कार्यक्रम तथा बजेट गाउँपालिकाको वार्षिक योजना, कार्यक्रम तथा बजेटमा समावेश गराउने व्यवस्थालाई कडाइका साथ लागू गरिनेछ। गाउँपालिकाको वार्षिक योजना, कार्यक्रम तथा बजेटमा समावेश नगराई कार्यक्रम सञ्चालन गराउन खोज्ने सामुदायिक तथा गैरसरकारी संघ/संस्थाहरुको कार्यक्रम सञ्चालनमा रोकसम्म लगाउन सकिने गरीको व्यवस्था अख्तियार गरिनेछ।

६७. गाउँपालिकाको अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवश्यक पर्ने आवधिक तथा रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना निर्माणको प्रकृया तत्काल् अघि बढाइनेछ।

**बागमती प्रदेश सभाद्वारा पारित गाउँ/नगर/जिल्ला सभा सञ्चालन कार्यविधि ऐन, २०७५ (संशोधन, २०७७ सहित) को दफा २२ को उपदफा (१) बमोजिम मिति २०८०।०३।१० गते बसेको तीनपाटन गाउँपालिकाको १२ औं गाउँ सभा अधिवेशनको पहिलो बैठकबाट भएको निर्णय प्रमाणित गरेको छु।**

**(कर्ण बहादुर मगर)**
**सभाध्यक्ष**
**तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ सभा**
**मितिः २०८०।०३।११**



Scanned with CamScanner

६८. गाउँपालिका आफूले मात्र सञ्चालन गरिरहेको वा भविष्यमा गर्नुपर्ने कुनै कार्य वा विषय छिमेकी स्थानीय तहसँगको **साझेदारी वा सम्झौता वा संयुक्त व्यवस्थापनमा** गर्दा लागत न्युनीकरण वा स्रोत साधनको अधिकतम उपयोग वा प्रभावकारी सेवा प्रवाह हुन्छ भन्ने लागेमा त्यस्तो कार्य वा विषयको पहिचान गरी उपरोक्त विधि बमोजिम गर्ने आवश्यक प्रकृया अघि बढाइनेछ।

६९. समग्र गाउँपालिकाको सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन **सार्वजनिक परीक्षण, सामाजिक परीक्षण र सार्वजनिक सुनुवाई** जस्ता कार्यक्रम निरन्तर सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ।

७०. आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा गाउँपालिकाबाट जारी भएका ऐन, कानून, नियम, निर्देशिका, कार्यविधि, मापदण्ड आदिलाई गाउँपालिकाको वेभसाइटमा रहेको राजपत्र महलबाट समेत सार्वजनिक गर्ने व्यवस्था मिलाइनेछ।

७१. सञ्चारमाध्यम मार्फत् स्थानीय नागरिकका गुनासा एवम् सुझाव संकलन गर्दै गाउँपालिकाले प्रवाह गर्ने सेवा प्रवाहका विषयमा आम स्थानीयबासीलाई सुसूचित समेत गराउने उद्देश्यका साथ **"जनतासँग जनप्रतिनिधि"** नामक कार्यक्रम सञ्चालनमा ल्याइनेछ।

७२. स्थानीयस्तरमा क्रियाशील सञ्चारकर्मी एवम् सञ्चारमाध्यमहरुको प्रवर्द्वन गर्ने किसिमका कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछ। यसका लागि गाउँपालिका क्षेत्रभित्रका समस्या, अवसर, चुनौती लगायतका यावत् विषयमा निरन्तर खोजमूलक पत्रकारिता गर्ने स्थानीय सञ्चारकर्मीहरुको पहिचान गर्दै प्रत्येक वर्ष एकजना **सञ्चारकर्मीलाई पुरस्कृत गर्ने** व्यवस्था अख्तियार गरिनेछ।

७३. गाउँपालिका क्षेत्रभित्रका गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालय, स्वास्थ्य संस्था तथा सामुदायिक विद्यालयमा कार्यरत कर्मचारी एवम् शिक्षकहरुमध्येबाट वर्षभरिमा उत्कृष्ट र रचनात्मक कार्यसम्पादन गर्ने **एकजना सर्वोत्कृष्ट र अन्य दुईजना उत्कृष्ट कर्मचारीको रुपमा पुरस्कृत** गर्ने व्यवस्थालाई संस्थागत गरिनेछ।

७४. गाउँपालिका क्षेत्रभित्र सुकुम्बासी समस्या समाधानका लागि चालिएको कदमलाई छिटोभन्दा छिटो सम्पन्न गर्नका लागि जग्गा नापजाँच कार्यमा खटिने प्राविधिक जनशक्तिलाई आधूनिक औजार/उपकरण सहित कार्यालय समय बाहेकको समय र सार्वजनिक विदाका दिनमा समेत

**बागमती प्रदेश सभाद्वारा पारित गाउँ/नगर/जिल्ला सभा सञ्चालन कार्यविधि ऐन, २०७५ (संशोधन, २०७७ सहित) को दफा २२ को उपदफा (१) बमोजिम मिति २०८०।०३।१० गते बसेको तीनपाटन गाउँपालिकाको १२ औं गाउँ सभा अधिवेशनको पहिलो बैठकबाट भएको निर्णय प्रमाणित गरेको छु।**

**(कर्ण बहादुर मगर)**
**सभाध्यक्ष**
**तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ सभा**
**मितिः २०८०।०३।११**



Scanned with CamScanner

परिचालित गरिने र यसरी परिचालित हुने जनशक्तिलाई थप प्रोत्साहनको व्यवस्था मिलाइनेछ।

७५. गाउँपालिका क्षेत्रभित्रको सर्वाङ्गीण विकासमा बढीभन्दा बढी स्थानीयबासीको सहभागिता सुनिश्चित गराउँदैं विकासप्रति अपनत्वको भाव जगाउने सोचका साथ प्रत्येक वडामा समावेशिता समेतलाई प्रवर्द्धन गर्दै टोल विकास संस्था गठन तथा परिचालन गर्ने नीतिगत व्यवस्था मिलाइनेछ। यसका लागि भौगोलिक विकटता समेतलाई मध्यनजर गर्दै तोकिए बमोजिमको घर/परिवार बराबरको एउटा टोल बनाई प्रत्येक घरधुरी स्वतः टोलको साधारण सदस्य हुने व्यवस्था मिलाइनेछ। जन/लागतसहभागिता मार्फत् सञ्चालन हुने आयोजना तथा कार्यक्रममा जन/लागत सहभागिताको अंशलाई कम्तीमा पन्ध्र प्रतिशत कायम गरी सोही बमोजिम मात्र आयोजना तथा कार्यक्रम सञ्चालन गरिनेछ।

७६. **"गाउँपालिकाको सोच, नवप्रतिभाको खोज"** नामक अभियान सञ्चालनमा ल्याइनेछ। यसका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा पहिचान स्थापित हुनसक्ने सम्भाव्य प्रतिभा गाउँपालिका क्षेत्रभित्र भएका तर, यावत् कारणले त्यस्ता प्रतिभाहरु ओझेलमा परेको अवस्था भएमा त्यस्ता नवप्रतिभाहरुको खोज, अन्वेषण र प्रवर्द्धन गर्ने व्यवस्थाको थालनी गरिनेछ।

७७. गत/विगत आर्थिक वर्षहरुमा महालेखापरीक्षकको कार्यालयबाट भएको अन्तिम लेखापरीक्षण प्रतिवेदनले औंल्याएको नियमित गर्नुपर्ने, असुल उपर गर्नुपर्ने, प्रमाण कागजात पेश गर्नुपर्ने लगायतका बेरुजु फर्छ्यौट गर्ने प्रकृया अघि बढाइनेछ। वित्तीय सुशासनको मुख्य सूचक शुन्य बेरुजु रहेको तथ्यलाई स्वीकार गर्दै सम्वद्व पक्षलाई सुचित गरिने र तोकिएको समयावधीमा बेरुजु फर्छ्यौट नगर्नेको विवरण सार्वजनिक गर्ने सम्मको व्यवस्था मिलाइनेछ।

७८. उल्लिखित नीति तथा कार्यक्रमदेखि बाहेक गत/विगत आर्थिक वर्षहरुमा गाउँ सभाद्वारा पारित भएका नीति तथा कार्यक्रमको समेत उपलब्ध स्रोतसाधनका आधारमा क्रमशः कार्यान्वयन गर्दै लगिनेछ।

(कर्ण बहादुर मगर)
अध्यक्ष
तीनपाटन गाउँपालिका, सिन्धुली।

**बागमती प्रदेश सभाद्वारा पारित गाउँ/नगर/जिल्ला सभा सञ्चालन कार्यविधि ऐन, २०७५ (संशोधन, २०७७ सहित) को दफा २२ को उपदफा (१) बमोजिम मिति २०८०।०३।१० गते बसेको तीनपाटन गाउँपालिकाको १२ औं गाउँ सभा अधिवेशनको पहिलो बैठकबाट भएको निर्णय प्रमाणित गरेको छु।**

**(कर्ण बहादुर मगर)**
**सभाध्यक्ष**
**तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ सभा**
**मितिः २०८०।०३।११**



Scanned with CamScanner

मितिः २०८०।०३।१०

**<u>निर्णय नम्बरः</u> (२)**

कार्यसूची नम्बर (२) माथि छलफल गर्दा तीनपाटन गाउँ कार्यपालिकाको मिति २०८०।०३।०९ गते बसेको बैठकले निर्णय गरे बमोजिम तीनपाटन गाउँपालिकाको १२ औं गाउँ सभा अधिवेशनको पहिलो बैठकमा तीनपाटन गाउँपालिकाका उपाध्यक्ष श्री धन बहादुर पुलामी "अशोक" ज्यूले देहायमा उल्लेख भए बमोजिम तीनपाटन गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८०।०८१ को कुल आय र व्यय अनुमान, तीनपाटन गाउँपालिकाको विनियोजन विधेयक, २०८० र तीनपाटन गाउँपालिकाको आर्थिक विधेयक, २०८० (मन्तव्य सहित) सभा समक्ष स्वीकृतीका लागि पेश गर्नु भयो।

**तीनपाटन गाउँपालिकाको गरिमामय गाउँ सभाका सभाध्यक्षज्यू,**
**गाउँ सभा सदस्यज्यूहरु,**
**गाउँ सभाका सचिवज्यू,**
**उपस्थित कर्मचारी मित्रहरु।**

**सभाध्यक्षज्यू,**

सर्वप्रथम सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपाल स्थापना गर्न तथा नागरिकलाई सार्वभौम अधिकार सम्पन्न बनाउने महान अभियानमा सहादत प्राप्त गर्नु हुने ज्ञात/अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रद्वाञ्जली अर्पण गर्न चाहन्छु। त्यसैगरी वेपत्ता तथा घाइते पारिएका व्यक्तिहरु प्रति पनि हार्दिक स्मरण गर्न चाहन्छु।

नागरिकको आँगनको सरकार नै स्थानीय सरकार हो। नागरिकको सबैभन्दा नजिकको सरकारको रुपमा रहेर सार्वजनिक सेवा प्रवाह गर्दै गर्दा नागरिकबाट **कहिले ताली तथा कहिले गाली** पनि खाइन्छ। यो स्वभाविक प्रकृया पनि हो। नागरिकका अपेक्षा र आवश्यकता असीमित छन्। हामीसँग स्रोतसाधन सीमित छ। थोरै स्रोतसाधनबाट बढीभन्दा बढी नागरिकका आवश्यकता र अपेक्षा सम्बोधन गर्नु हाम्रो दायित्व र जिम्मेवारी छ। नेपालको संविधान, अन्य सङ्घीय/प्रादेशिक/स्थानीय कानूनले सुम्पेको जिम्मेवारी, दिगो विकास लक्ष्य, राष्ट्रिय/प्रादेशिक/स्थानीय आवधिक योजना तथा गाउँपालिकाको आफ्नो नीति तथा कार्यक्रमले

**बागमती प्रदेश सभाद्वारा पारित गाउँ/नगर/जिल्ला सभा सञ्चालन कार्यविधि ऐन, २०७५ (संशोधन, २०७७ सहित) को दफा २२ को उपदफा (१) बमोजिम मिति २०८०।०३।१० गते बसेको तीनपाटन गाउँपालिकाको १२ औं गाउँ सभा अधिवेशनको पहिलो बैठकबाट भएको निर्णय प्रमाणित गरेको छु।**

**(कर्ण बहादुर मगर)**
**सभाध्यक्ष**
**तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ सभा**
**मितिः २०८०।०३।११**



Scanned with CamScanner

निर्धारण गरेको क्षेत्रमा हामो वार्षिक बजेट निर्देशित हुनु पर्दछ। नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने निशर्त अनुदानमा आएको कमीका कारण गाउँपालिकाको स्रोत निकै नै साँघुरिएको छ। दुर्गम र पहाडी भेकमा अवस्थित यस गाउँपालिकामा पर्याप्त मात्रामा आर्थिक गतिविधिहरु नहुँदा यहाँको आन्तरिक आम्दानी पनि निकै दयनीय अवस्थामा रहेको छ। गाउँपालिकाका लागि माथिल्ला सरकारबाट उपलब्ध बजेट र गाउँपालिकाको आफ्नो स्रोतसाधनको प्रयोग गरी आगामी आर्थिक वर्षको बजेट तयारी गरी यस गरिमामय सभा समक्ष प्रस्तुत गर्न पाउँदा म आफूलाई गौरवान्वित महसुस गरेको छु।

**सभाध्यक्षज्यू,**

अब म तीनपाटन गाउँ कार्यपालिकाको मिति २०८० साल असार ०९ गतेको बैठकले निर्णय गरी सभा समक्ष पेश गरेको तीनपाटन गाउँपालिकाको आर्थिक वर्ष २०८०।०८१ को कुल आय र व्यय अनुमान, विनियोजन विधेयक, २०८० र आर्थिक विधेयक, २०८० यस गरिमामय सभा समक्ष प्रस्तुत गर्न चाहन्छु।

**कुल आय अनुमान तर्फः**

**(क) गाउँपालिकाको आफ्नै निर्णयले परिचालन गर्ने आय तर्फ-**

| सि.नं. | आय शीर्षक | अनुमानित रकम (रु. हजारमा) | कैफियत |
|---|---|---|---|
| १ | वित्तीय समानीकरण अनुदान (नेपाल सरकार) | ११४३०० | |
| २ | राजस्व बाँडफाँड (नेपाल सरकार) | १२१२६८ | |
| ३ | वित्तीय समानीकरण अनुदान (प्रदेश सरकार) | ११६८५ | |
| ४ | सवारीसाधन कर बाँडफाँड (प्रदेश सरकार) | ४०४१६ | |
| ५ | रोयल्टी बाँडफाँड (सामुदायिक वन) | ५००० | |
| ६ | घरजग्गा रजिष्ट्रेशन बाँडफाँड (मालपोत) | २६६० | |
| ७ | दहत्तर बहत्तर बाँडफाँड (प्रदेश सरकार) | ५००० | |
| ८ | आन्तरिक आय | १४००० | |

बागमती प्रदेश सभाद्वारा पारित गाउँ/नगर/जिल्ला सभा सञ्चालन कार्यविधि ऐन, २०७५ (संशोधन, २०७७ सहित) को दफा २२ को उपदफा (१) बमोजिम मिति २०८०।०३।१० गते बसैको तीनपाटन गाउँपालिकाको १२ औं गाउँ सभा अधिवेशनको पहिलो बैठकबाट भएको निर्णय प्रमाणित गरेको छु।

(कर्ण बहादुर मगर)
सभाध्यक्ष
तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ सभा
मितिः २०८०।०३।११



Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| ९ | अल्या बैंक मौज्दात | ० | |
| | जम्मा (क) | ३१४३२९ | |

(ख) नेपाल/प्रदेश सरकारबाट प्राप्त हुने आय तर्फ-

| | | | |
|---|---|---|---|
| १ | सशर्त अनुदान - नेपाल सरकार | ४१०९०० | |
| २ | सशर्त अनुदान - प्रदेश सरकार | २३७९४ | |
| ३ | समपूरक अनुदान नेपाल सरकार | ५००० | |
| ४ | समपूरक अनुदान प्रदेश सरकार | २५००० | |
| ५ | विशेष अनुदान नेपाल सरकार | १०००० | |
| ६ | विशेष अनुदान प्रदेश सरकार | १०००० | |
| | जम्मा (ख) | ४८४६९४ | |
| | कूल जम्मा आय (क+ख) | ७९९०२३ | |

कूल व्यय तर्फः

(क) गाउँपालिकाको आफ्नै निर्णयले परिचालन गर्ने व्यय तर्फ-

| सि.नं. | व्यय शीर्षक | अनुमानित रकम (रु.हजारमा) | कैफियत |
|---|---|---|---|
| १ | गाउँ कार्यपालिका चालु खर्च | १००६५६ | |
| २ | आर्थिक विकास तर्फ | १७००० | |
| ३ | सामाजिक विकास तर्फ | ६५२८० | |
| ४ | पुर्वाधार विकास तर्फ (भुक्तानी दिन बाँकी सहित) | ९७१०० | |
| ५ | वातावरण तथा विपद् व्यवस्थापन तर्फ | ४१५० | |
| ६ | संस्थागत विकास तथा सेवा प्रवाह तर्फ | ७४५० | |
| ७ | वडागत सिलिङ (११ वटै वडा) | २२६९३ | |
| | जम्मा (क) | ३१४३२९ | |

(ख) नेपाल/प्रदेश सरकारबाट प्राप्त हुने व्यय तर्फ-

बागमती प्रदेश सभाद्वारा पारित गाउँ/नगर/जिल्ला सभा सञ्चालन कार्यविधि ऐन, २०७५ (संशोधन, २०७७ सहित) को दफा २२ को उपदफा (१) बमोजिम मिति २०८०।०३।१० गते बसेको तीनपाटन गाउँपालिकाको १२ औं गाउँ सभा अधिवेशनको पहिलो बैठकबाट भएको निर्णय प्रमाणित गरेको छु।

(कर्ण बहादुर मगर)
सभाध्यक्ष
तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ सभा
मितिः २०८०।०३।११



Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| १ | सशर्त अनुदान - नेपाल सरकार | ४१०९०० | |
| २ | सशर्त अनुदान - प्रदेश सरकार | २३७९४ | |
| ३ | समपूरक अनुदान नेपाल सरकार | ५००० | |
| ४ | समपूरक अनुदान प्रदेश सरकार | २५००० | |
| ५ | विशेष अनुदान नेपाल सरकार | १०००० | |
| ६ | विशेष अनुदान प्रदेश सरकार | १०००० | |
| जम्मा (ख) | | ४८४६९४ | |
| | कूल जम्मा व्यय (क+ख) | ७९९०२३ | |

गाउँपालिकाको आफ्नै निर्णयले परिचालन गर्ने माथि उल्लिखित विषयक्षेत्रगत बजेट सिलिङभित्रका विभिन्न क्रियाकलापहरु विनियोजन विधेयकको दफावार छलफलमा प्रस्तुत गरिने व्यहोरा सभा समक्ष जानकारी गराउँदै म विदा हुन चाहन्छु। धन्यवाद। जय तीनपाटन।

(धनबहादुर पुलामी "अशोक")
उपाध्यक्ष
तीनपाटन गाउँपालिका, सिन्धुली
मितिः २०८०।०३।१०

तीनपाटन गाउँपालिकाको १२ औं गाउँ सभा अधिवेशनको दोस्रो बैठक अर्को सूचना जारी भए पश्चात् बस्ने गरी तीनपाटन गाउँपालिकाको १२ औं गाउँ सभा अधिवेशनको पहिलो बैठक स्थगित भएको जानकारी सभाध्यक्ष श्री कर्ण बहादुर मगरज्यूले सभालाई जानकारी गराउनु भयो र पहिलो बैठक समापन भयो।

बागमती प्रदेश सभाद्वारा पारित गाउँ/नगर/जिल्ला सभा सञ्चालन कार्यविधि ऐन, २०७५ (संशोधन, २०७७ सहित) को दफा २२ को उपदफा (१) बमोजिम मिति २०८०।०३।१० गते बसेको तीनपाटन गाउँपालिकाको १२ औं गाउँ सभा अधिवेशनको पहिलो बैठकबाट भएको निर्णय प्रमाणित गरेको छु।

(कर्ण बहादुर मगर)
सभाध्यक्ष
तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ सभा
मितिः २०८०।०३।११



Scanned with CamScanner